# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०७।१६ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला रौतहट, चन्द्रपुर नगरपालिकासमेतले आशिक कन्स्ट्रक्सनसँगको मिलेमतोमा उक्त नगरपालिका अन्तर्गत पर्ने चाँदी खोलाको पूर्वाधार उपयोग कर संकलनको लागि लगाएको ठेक्का नं. १५/०७७/०७८ समेतको ठेक्कामा अनियमितता गरी राजस्व छली गरेको भन्ने उजुरी निवेदन सम्वन्धमा अनुसन्धान चन्द्रपुर नगरपालिका, रौतहटले आ.व. २०७७/०७८ मा ठेक्का नं. १५/०७७/०७८, आय ठेक्का "पूर्वाधार उपयोग कर चाँदी खोला" मा आशिक कन्स्ट्रक्सन रौतहटसँग सम्झौता गर्दा तोकिएको नगद तथा बैंक जमानत पेश नगरी/नलिई मूल्य अभिबृद्धि करसमेत दाखिला नगरी/नगराई रु.२८,२५,००५।६५ (अठ्ठाइस लाख पच्चीस हजार पाँच रुपैया पैसठ्ठी पैसा) बराबरको घटी राजस्व रकम असुल गरी राजस्व चुहावट गरी गराई भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि भएको हुँदा उल्लिखित कसुरमा संलग्न प्रतिवादीहरुउपर देहाय बमोजिमको सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र गरिएको छ।

**देहायः**

| सि.नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद सिग्देल र लेखा अधिकृत/राजस्व शाखा प्रमुख किर्तिराज सुवेदी | चन्द्रपुर नगरपालिका, रौतहट | रु.२८,२५,००५।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैदको सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रकम रू.२८,२५,००५।६५ को दोव्वर जरिवाना हुन समेतको सजायको मागदावी लिइएको छ। |
| २. | आशिक कन्स्ट्रक्सनका सञ्चालक राम विनोद राउत बरै | आशिक कन्स्ट्रक्सन जिल्ला रौतहट वृन्दावन न.पा.-६ | रु.२८,२५,००५।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) बमोजिमको कसूरको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा २२ प्रतिवन्धात्मक वाक्यांश बमोजिमको कसुर गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) वमोजिमको कसुर जन्य कार्यको सोही ऐनको दफा २२ वमोजिमको मतियारको कसुरमा मुख्य कसुरदारहरुलाई हुने सजायलाई आधार मानी निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदारहरुलाई हुने सजाय सरह सजाय हुन मागदावी लिइएको छ। |

प्रवक्ता
भोला दाहाल